"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
# धरान उपमहानगरपालिका
# DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
(राजश्व महाशाखा)
धरान, सुनसरी

प.सं.:
च.नं. ४११४

फोन नं. ०२५-५७०४०७,
एक्सटेन्सन २२३, २१७

## कोठा बहालमा लगाउने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
(दोस्रो पटक प्रकाशित १५ दिने सूचना)
सूचना प्रकाशन मिति : २०८१/१०/२८)

यस उपमहानगरपालिकाको स्वामित्वमा रहेका धरान २ स्थित बहुउद्देश्यीय पसल (सार्वजनिक पुस्तकालय भवन) र धरान १२ स्थित नगर कार्यपालिका हाता भित्र रहेको क्यान्टिन भवनका देहायका कोठाहरु यस धरान उपमहानगरपालिकाको राजश्व परिचालन ऐन, २०७७ बमोजिम सिलबन्दी दरभाउपत्रको माध्यमबाट बढाबढमा तीन वर्षको लागि बहालमा लगाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति, संघसंस्था वा फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्न/दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको लागि यस कार्यालयमा टाँसिएको सूचना वा दरभाउपत्र फाराममा संलग्न सूचनाको अध्ययन गर्नुहुन वा कार्यालयको राजश्व महाशाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

देहायः

| क्र.सं | कोठाको विवरण | ठेक्का नं. | न्यूनतम मासिक बहाल रकम | न्यूनतम वार्षिक बृद्धिदर |
|---|---|---|---|---|
| १ | बहुउद्देश्यीय पसल (सार्वजनिक पुस्तकालय भवन), कोठा नं. ४ | NCB/Rev./०६/१४१५१ | रु.४१००/- | १०% |
| २ | क्यान्टिन भवन गेट छेउको कोठा | NCB/Rev./०७/१४१५१ | रु. ५३००/- | १०% |

शर्तहरु:

१. कोठाको लागि रु. १०००/-(एक हजार मात्र, फिर्ता नहुने गरी ।) दरभाउपत्र फाराम दस्तुर धरान उपमहानगरपालिकाको नाममा राष्ट्रय वाणिज्य बैंक धरान शाखामा खाता नं. २१६०१००३०१०१०००२ मा जम्मा गरेको भौचर पेश गरी वा सोझै यस कार्यालयमा नगदी रसिद काटेपछि दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

२. कोठामा गर्ने व्यवसायिक कारोबार प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति लिएर र यस उपमहानगरपालिकामा व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने र नियमित रुपमा समयमै नवीकरण गर्नुपर्नेछ ।

३. कोठामा कानूनले अवैध ठहऱ्याएको कुनै पनि कारोबार गर्न, सटर/कोठा वा भवनको भौतिक अवस्थामा प्रतिकूल असर गर्ने, जनस्वास्थ्यमा असर गर्ने, ध्वनी तथा वातावरण प्रदुषण गर्ने काम गर्न निषेध गरिएको छ ।

४. आफ्नो सटर/कोठालाई सधैं सफा राख्ने र उत्पादन भएको फोहरलाई व्यवस्थित किसिमले राखी सफाइको गाडी आएको समयमा मात्र निष्काशन गर्ने व्यवस्था दोस्रो पक्षले मिलाउनु पर्नेछ ।

५. आफ्नो व्यवसायको आवश्यकता अनुसारको फर्निसिङ् कार्य दोस्रो पक्षले आफैं गर्नु पर्नेछ ।



खगेन्द्र प्रसाद खतिवडा
वरिष्ठ राजस्व अधिकृत

६. कोठामा प्रयोग भएको विद्युत तथा पानीको महशुल प्रथम पक्षले राखेको सब मिटरमा उठेको खपत अङ्कको आधारमा दोस्रो पक्षले तोकिएको समयमै नियमित रुपमा बुझाउनु पर्नेछ। मेन मिटर र सबमिटरमा फरक आएमा दामासाहिले हिसाब गरी महशुल संकलन गरिनेछ।

७. दोश्रो पक्षले आफैले उक्त कोठा प्रयोग नगरी कुनै तेश्रो पक्षलाई प्रयोग गर्न दिन पाउने छैन । यसो गरेको पाइएमा सम्झौता रद्द गरी प्रथम पक्षले अर्को व्यवस्था गर्ने छ र त्यसमा दोश्रो पक्षले कुनै उजुर बाजुर गर्न पाउने छैन ।

८. सम्झौता गर्नु भन्दा अघि दोस्रो पक्षले अन्तिम वर्षको कायम हुन आउने ३ महिनाको बहाल रकम बराबरको रकम अग्रिम रूपमा धरौटी बापत जम्मा गर्नु पर्नेछ ।

९. दोस्रो पक्षले प्रत्येक महिनाको बहाल रकम महिना मरेको ७ दिनभित्र (अर्को महिनाको ७ गते भित्र) बुझाई सक्नु पर्नेछ ।बहाल रकम बुझाउँदा राजश्व महाशाखामा आई नगद बुझाउन वा राष्ट्रिय बाणिज्य बैंक, धरान शाखामा "धरान उपमहानगरपालिका"को नाममा रहेको खाता नं. २१६०१००३०१०१०००२ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्न सकिने छ ।

१०. महिना मरेको ७ दिनभित्र (अर्को महिनाको ७ गते भित्र) बहाल रकम नबुझाएमा ८ औं दिन (अर्को महिनाको ८ गते) देखि प्रति महिना १०% बृद्धिका दरले जरिवाना थप हुँदै जानेछ । कार्यालयको स्वीकृति बिना लगातार २ महिना सम्मको बहाल रकम नबुझाएमा सम्झौता गर्दा दोस्रो पक्षले राखेको धरौटी रकम प्रथम पक्षले जफत गरी अर्को प्रक्रिया शुरु गर्न सक्नेछ ।

११. सम्झौता अवधिको बीचैमा कुनै कारणले कोठा छोड्न वा छोडाउनु परेमा अर्को पक्षलाई दुई महिना अगावै पूर्व जानकारी गराएर मात्र गर्न सकिनेछ ।

१२. दोश्रो पक्षले यस सम्झौताको विपरित कार्य गरेको पाइएमा प्रथमं पक्षले जुनसुकै समयमा पनि सम्झौता रद्द गर्न सक्नेछ ।

१३. सम्झौता भएको तीन वर्षपछि कार्यालयले अर्को प्रकृया शुरु गरी पुनःखुला दरभाउपत्रको माध्यमबाट बहालमा लगाउन वा दुवै पक्षको सहमतिमा यही सम्झौतालाई निरन्तरता दिने सम्बन्धमा कार्यपालिकाले उचित र आवश्यक निर्णय गर्न सक्नेछ ।

१४. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै दरभाउपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस उपमहानगरपालिकामा निहित रहने छ।

१५. दरभाउपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा उक्त दरभाउपत्रदाताको धरौटी जफत गरी त्यस पछि बढी कबुल गर्नेलाई दिने प्रक्रिया नियमानुसार कारवाही अगाडि बढाइनेछ।

१६. अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

खगेन्द्र प्रसाद खतिवडा
बरिष्ठ राजस्व अधिकृत

"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

(राजस्व प्रशासन महाशाखा)

प.सं.:
च.नं. ४११६

फोन नं. ०२५-५७०४०७,
एक्सटेन्सन २२३, २१७

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी

**कोठा बहालमा लगाउने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८१/१०/२८**

यस उपमहानगरपालिकाको स्वामित्वमा रहेका धरान २ स्थित बहुउद्देश्यीय पसल (सार्वजनिक पुस्तकालय भवन) र धरान १२ स्थित नगर कार्यपालिका हाता भित्र रहेको क्यान्टिन भवनका देहायका कोठाहरु धरान उपमहानगरपालिकाको राजश्व परिचालन ऐन, २०७७ को दफा ३२ को उपदफा (४) अनुसार सिलबन्दी दरभाउपत्रको माध्यमबाट बढाबढमा ३ वर्षका लागि बहालमा लगाउनुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघसंस्था वा फर्महरुबाट यस कार्यालयबाट रु.१,०००/- मात्र फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिने सिलबन्दी दरभाउपत्र फाराममा उल्लिखित शर्तहरुको अधिनमा रही दोस्रो पटक यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ। बिस्तृत जानकारीको लागि यस कार्यालयमा टाँसिएको सूचना वा दरभाउपत्र फाराममा संलग्न सूचनाको अध्ययन गर्नुहुन वा कार्यालयको राजश्व महाशाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

| क्र.सं. | कोठाको विवरण | न्यूनतम मासिक बहाल रकम | न्यूनतम वार्षिक बृद्धिदर |
|---|---|---|---|
| १. | बहुउद्देश्यीय पसल (सार्वजनिक पुस्तकालय भवन), कोठा नं. ४ | रु. ४१००/- | १०% |
| २. | क्यान्टिन भवन गेट छेउको कोठा | रु. ५३००/- | १०% |

खगेन्द्र प्रसाद खतिवडा
वरिष्ठ ... अधिकृत